# चन्द्रपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
चन्द्रनिगाहपुर, रौतहट

फोन नं.-०५५-५४०२००

मधेश प्रदेश,नेपाल ।


पत्र संख्याः-

चलानी नं.:-

चन्द्रपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय चन्द्रनिगाहपुर, रौतहट मधेश प्रदेश,नेपाल

मितिः२०७९/०९/०६

## वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुको पुनः एकीकरण कार्यक्रमका लागि तथ्याङ्क संकलन गर्नु पर्ने भएकाले सूचीकृत हुन निवेदन दिने बारे सूचना !!!

वैदेशिक रोजगारीमा गएका श्रमिकले वैदेशिक रोजगारीको क्रममा आर्जन गरेको पूँजी, प्रविधि, ज्ञान र सीपको उपयोग गरी स्वदेश भित्रै रोजगारी र स्वरोजगारीका अवसर सृजना गरी वैदेशिक रोजगारी माथिको परनिर्भरतालाई क्रमशः कम गर्दै लैजाने उदेश्यले नेपाल सरकारले वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिको लागि पुनः एकीकरण कार्यक्रम ( संचालन तथा व्यवस्थापन निर्देशिका) २०७९ स्वीकृत गरेको छ । उक्त कार्यविधिमा व्यवस्था भए बमोजिम स्थानीय तह संगको सहकार्यमा स्थानीय तहको माग र आवश्यकता बमोजिम स्थानीय तह मार्फत नै पुनःएकीकरणका कार्यक्रमहरु संचालन हुने व्यवस्था छ। सो बमोजिम पुनः एकीकरण कार्यक्रम संचालनका लागि वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिको खण्डिकृत तथ्याङ्क आवश्यक परेकाले चन्द्रपुर नगरपालिका भित्र रहेका वैदेशिक रोजगारीबाट फर्केका र पुनः एकीकरण कार्यक्रममा सहभागी हुन चाहने व्यक्तिहरुको **(वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिको लागि पुनः: एकीकरण कार्यक्रम संचालन तथा व्यवस्थापन निर्देशिका** )२०७९ को अनुसुची ३ बमोजिम सम्बन्धित वडा कार्यालयमा सूचीकृत हुन निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ। सुचना प्रकाशन गरेको मितिले १५ दिन भित्र निवेदन दिनुहुनु अनुरोध छ। निवेदन फारम सम्बन्धीत वडा कार्यालयमा उपलब्ध हुनेछ।

**आवश्यक कागजातहरु** :

- आवेदकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी। ( नागरिकतामा स्थायी बसोवास नदेखिएमा बसाइसराइँ वा महिलाको हकमा विवाहदर्ताको प्रमाणपत्रको प्रतिलिपि )
- पासपोर्ट साइज फोटो १ प्रति
- निवेदकको पासपोर्टको प्रतिलिपि १ प्रति
- निवेदकले कुनै शिपमुलक तालिम लिएको भए सो को प्रतिलिपि १ प्रति

२०७९/०९/०६

उमा गैरापिप्ली सत्याल

शाखा अधिकृत(सातौं)

शाखा अधिकृत



Scanned with CamScanner